# क्षमायाचना

[ नेपाली - Nepali - نيبالي ]

लेखकः अतीकुर्रहमान मो.इदरीस खान मक्की

संशोधकः मुहम्मद इदरीस सलफी

2014 - 1435

IslamHouse.com

# الاستغفار

« باللغة النيبالية »

تأليف: عتيق الرحمن محمد إدريس خان مكي

المراجعة: محمد إدريس سلفي

2014 - 1435

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

**पुस्तक पाइने ठेगाना -:**

***इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)**

**सम्पर्क नं. ००९७७-९८४७०३०७८०**

**९८१४४९९१४०**

**(सउदी) ००९६६ - ०५०१३७२२५४**

***इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया**

# प्रस्तावना

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैँयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैँयुजलिल्हो फला हादिया लहु व अश्हदो अल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दुहु व रसूलुहु । (अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घरपरिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा मैले क्षमायाचनाको बारेमा केही महत्वपूर्ण ज्ञानवर्धक कुराहरू प्रस्तुत गर्ने प्रयास गरेको छु, र साथै समस्त कुराहरूलाई कुरआन र सही हदीसहरूको प्रकाशमा सिद्ध गर्ने प्रयास गरेको छु, ताकि प्रिय पाठकहरूलाई कुनै कुरामा कुनै प्रकारको सन्देह र असमन्जस नरहोस् ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । यसर्थ

अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र  मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्  (आमीन)


**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०**

**Mob.00977-9814499140**

अल्लाहले यस संसारको रचनागरे पश्चात यसमा बस्नेहरू अनेकौं थरिका प्राणीहरूलाई पनि सृष्टि गऱ्यो, र उनीहरूलाई मार्गादर्शित गर्नुको लागि सन्देशवाहकहरू पनि पठाउँदै आएको छ । र पटक पटक आफ्ना भक्तहरूको परीक्षा पनि लिदै आएको छ, र जसको ईमान जति सुदृढ हुन्छ त्यसको परीक्षा उति नै कठोर र कष्टमय हुन्छ। त कसैलाई सुगम्ता दिएर परीक्षा लिन्छ त कसैको जीविका फराकीलो गराएर, कसैलाई विरामी दिएर कसैलाई स्वास्थ्य दिएर । तर अल्लाह मात्र परीक्षा नलिइकन् क्षमायाचनाको द्वार पनि प्रलय सम्मको लागि खोलिदिएको छ ताकि जसले पनि आफूमाथि अत्याचार गरी अल्लाहको प्रकोपको पात्र बनिसकेका छन् तिनीहरू अल्लाहसित क्षमायाचना गरुन्, र आफ्नो पापबाट मुक्ति प्राप्त गरुन्, र स्वर्गमा जाने सुअवसर प्राप्त गरुन् ।

यसै कारण मैले यस विषयमा एउटा सानो पुस्तक तयार पार्ने प्रयास गरेको छु, र यसलाई

आफ्ना प्रिय पाठकहरू समक्ष प्रस्तुत गर्ने आँट गरेको छु यस उद्देश्यको साथ कि जसले पनि आफ्नो आत्मामाथि अत्याचर गरेका छन् ती सबै मान्छेहरू यस किताबद्वारा क्षमायाचनाको महत्वलाई बुझेर अल्लाहसित अआफ्ना पापहरूको क्षमायाचना गरुन्, र अल्लाहको कृपाबाट निराश नहोऊन् त्यो परम् कृपालु सबैलाई क्षमा प्रदान गर्छ, तसर्थ तपाईलाई पनि क्षमा अवश्य प्रदान गर्छ। तपाई मात्र एक पटक त्यसको अगाडि नत्मस्तक भई क्षमायाचना त गर्नुस् अनि त्यसको अपार दयाको दर्शन गर्नुस् । मलाई आशा छ कि यो पुस्तक तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । अल्लाह सबैलाई क्षमा प्रदान गरुन् (आमीन)

# क्षमायाचनाको कुरआन र हदीसद्वारा प्रमाण

## पवित्र कुरआनका श्लोकहरूद्वारा क्षमायाचनाको प्रमाण :

﴿ فَٱصۡبِرۡ إِنَّ وَعۡدَ ٱللَّهِ حَقّٞ وَٱسۡتَغۡفِرۡ لِذَنۢبِكَ
وَسَبِّحۡ بِحَمۡدِ رَبِّكَ بِٱلۡعَشِيِّ وَٱلۡإِبۡكَٰرِ ٥٥ ﴾ غافر: ٥٥

अर्थ : अत: हे नबी धैर्य गर, नि:सन्देह अल्लाहको वाचा सत्य छ र आफ्नो गुनाहको माफि माँग र साँझ-बिहान आफ्नो पालनकर्ताको प्रशंसाका साथ गुणगान गर्ने गर । ( सूरतु गाफिर ५५ )

﴿ فَٱعۡلَمۡ أَنَّهُۥ لَآ إِلَٰهَ إِلَّا ٱللَّهُ وَٱسۡتَغۡفِرۡ لِذَنۢبِكَ
وَلِلۡمُؤۡمِنِينَ وَٱلۡمُؤۡمِنَٰتِۗ وَٱللَّهُ يَعۡلَمُ مُتَقَلَّبَكُمۡ وَمَثۡوَىٰكُمۡ ١٩
﴾ محمد: ١٩

अर्थ : अत: (हे नबी सल्लल्लाहो अलैहे वसल्लम) तपाई यकिन गर्नुस् कि अल्लाह बाहेक कोही सत्य पुज्य छैन, र आफ्ना त्रुटिहरूको क्षमाको लागि याचना गर्नुस्, र मोमिन पुरुषहरू र मोमिन स्त्रीहरूको निम्ति पनि । र अल्लाहले

तपाईहरूको हिंड्डुल गर्ने र बासस्थानहरूलाई राम्ररी जान्दछ । ( सूरतु मुहम्मद १९ )

﴿ لِيَغْفِرَ لَكَ ٱللَّهُ مَا تَقَدَّمَ مِن ذَنۢبِكَ وَمَا تَأَخَّرَ وَيُتِمَّ نِعْمَتَهُۥ عَلَيْكَ وَيَهْدِيَكَ صِرَٰطًا مُّسْتَقِيمًا ﴿٢﴾ ﴾ الفتح: ٢

अर्थ : ताकि अल्लाहले तपाईका अघिल्ला र पछिल्ला गलतीहरू क्षमा गरिदेओस् र तपाईमाथि आफ्नो अनुकम्पा पूर्ण गरिदेओस्, र तपाईलाई सोझो मार्गमा हिडाओस् । ( सूरतुल् फत्ह २ )

﴿ أَلَّا تَعْبُدُوٓا۟ إِلَّا ٱللَّهَ ۚ إِنَّنِى لَكُم مِّنْهُ نَذِيرٌ وَبَشِيرٌ ﴿٢﴾ وَأَنِ ٱسْتَغْفِرُوا۟ رَبَّكُمْ ثُمَّ تُوبُوٓا۟ إِلَيْهِ يُمَتِّعْكُم مَّتَٰعًا حَسَنًا إِلَىٰٓ أَجَلٍ مُّسَمًّى وَيُؤْتِ كُلَّ ذِى فَضْلٍ فَضْلَهُۥ ۖ وَإِن تَوَلَّوْا۟ فَإِنِّىٓ أَخَافُ عَلَيْكُمْ عَذَابَ يَوْمٍ كَبِيرٍ ﴿٣﴾ ﴾ هود: ٢ - ٣

अर्थ : यो कि अल्लाह बाहेक कसैको पूजा नगर । र म उसको तर्फबाट तिमीलाई सावधान गर्ने र शुभ सन्देश दिने वाला हूँ । र यो कि आफ्नो पालनकर्तासित क्षमा याचना गर र उसैको साम्नु प्रायश्चित गर, उसले तिमीलाई एक निश्चित समयसम्म राम्रो जिन्दगी दिनेछ, र धेरै पुण्य गर्नेहरूलाई बढी प्रतिफल दिनेछ । र यदि तिमी विमुख हुन्छौ भने मलाई तिम्रो बारेमा

क़ियामतको सजायको भय छ । ( सूरतु हूद २,३ )

﴿ وَٱسۡتَغۡفِرِ ٱللَّهَۖ إِنَّ ٱللَّهَ كَانَ غَفُورٗا رَّحِيمٗا ١٠٦ ﴾ النساء: ١٠٦

अर्थ : र अल्लाहसँग क्षमाको लागि प्रार्थना गर । निःसन्देह अल्लाह क्षमादाता, अत्यन्त दयालु छ । ( सूरतुन् निसा १०६ )

﴿ وَمَن يَعۡمَلۡ سُوٓءًا أَوۡ يَظۡلِمۡ نَفۡسَهُۥ ثُمَّ يَسۡتَغۡفِرِ ٱللَّهَ يَجِدِ ٱللَّهَ غَفُورٗا رَّحِيمٗا ١١٠ ﴾ النساء: ١١٠

अर्थ : जुन मानिसले कुनै गुनाह गर्छ वा आफूलाई नै नराम्रो हुने कुनै काम गर्दछ र पछि अल्लाहसँग क्षमा माँगदछ भने त्यसले अल्लाहलाई क्षमादाता दयालु पाउने छ । ( सूरतुन् निसा ११० )

﴿ ثُمَّ أَفِيضُواْ مِنۡ حَيۡثُ أَفَاضَ ٱلنَّاسُ وَٱسۡتَغۡفِرُواْ ٱللَّهَۚ إِنَّ ٱللَّهَ غَفُورٞ رَّحِيمٞ ١٩٩ ﴾ البقرة: ١٩٩

अर्थ : फेरि जहाँबाट अरु मानिसहरू फिर्ता हुन्छन्, तिमी पनि फर्क र अल्लाहबाट क्षमाको विन्ती गर्दै गर, निःसन्देह अल्लाह क्षमा प्रदान गर्नेवाला, दयावान छ । ( सूरतुल् बकरः १९९ )

﴿ ۞ قُلْ أَؤُنَبِّئُكُم بِخَيْرٍ مِّن ذَٰلِكُمْ ۚ لِلَّذِينَ ٱتَّقَوْا۟ عِندَ
رَبِّهِمْ جَنَّٰتٌ تَجْرِى مِن تَحْتِهَا ٱلْأَنْهَٰرُ خَٰلِدِينَ فِيهَا
وَأَزْوَٰجٌ مُّطَهَّرَةٌ وَرِضْوَٰنٌ مِّنَ ٱللَّهِ ۗ وَٱللَّهُ بَصِيرٌۢ
بِٱلْعِبَادِ ﴿١٥﴾ ٱلَّذِينَ يَقُولُونَ رَبَّنَآ إِنَّنَآ ءَامَنَّا فَٱغْفِرْ
لَنَا ذُنُوبَنَا وَقِنَا عَذَابَ ٱلنَّارِ ﴿١٦﴾ ٱلصَّٰبِرِينَ وَٱلصَّٰدِقِينَ وَٱلْقَٰنِتِينَ
وَٱلْمُنفِقِينَ وَٱلْمُسْتَغْفِرِينَ بِٱلْأَسْحَارِ ﴿١٧﴾ ﴾ آل
عمران: ١٥ - ١٧

अर्थ : (हे पैगम्बर ! तिनीहरूसित) भनिदिनुस् कि के म तिमीलाई यस्तो कुरा बताऊँ जुन यी कुराहरू भन्दा धेरै राम्रो छ ? धर्मपरायण मानिसहरूका निम्ति अल्लाह कहाँ स्वर्ग छ जहाँ बगैंचाहरू छन् जस मुनि नहरहरू बगिराखेका छन् जहाँ तिनीहरू सँधै बस्ने छन्, र पवित्र स्वास्नीहरू छिन् र अल्लाहको प्रसन्नता छ । अल्लाह आफ्ना असल भक्तहरूलाई देखिरहेको छ । जो अल्लाहसित विन्ति गर्दछन् कि हे पालनकर्ता ! हामीले ईमान ल्यायौं, तसर्थ हाम्रा त्रुटीहरू क्षमा गर, र नर्कको यातनाबाट बचाऊ । यी यस्ता मानिसहरू हुन् जसले धैर्य राख्दछन् र सत्य बोल्दछन् र आज्ञा पालक हुन् र

अल्लाहको मार्गमा सम्पत्ति दान गर्दछन् र प्रात:कालमा आफ्ना भूल त्रुटिका लागि क्षमायाचना गर्दछन् । ( सूरतु आले इम्रान १५-१७ )

﴿ ۞ وَسَارِعُوٓاْ إِلَىٰ مَغۡفِرَةٖ مِّن رَّبِّكُمۡ وَجَنَّةٍ
عَرۡضُهَا ٱلسَّمَٰوَٰتُ وَٱلۡأَرۡضُ أُعِدَّتۡ لِلۡمُتَّقِينَ ١٣٣ ٱلَّذِينَ
يُنفِقُونَ فِي ٱلسَّرَّآءِ وَٱلضَّرَّآءِ وَٱلۡكَٰظِمِينَ ٱلۡغَيۡظَ
وَٱلۡعَافِينَ عَنِ ٱلنَّاسِۗ وَٱللَّهُ يُحِبُّ ٱلۡمُحۡسِنِينَ ١٣٤
وَٱلَّذِينَ إِذَا فَعَلُواْ فَٰحِشَةً أَوۡ ظَلَمُوٓاْ أَنفُسَهُمۡ ذَكَرُواْ
ٱللَّهَ فَٱسۡتَغۡفَرُواْ لِذُنُوبِهِمۡ وَمَن يَغۡفِرُ ٱلذُّنُوبَ إِلَّا ٱللَّهُ
وَلَمۡ يُصِرُّواْ عَلَىٰ مَا فَعَلُواْ وَهُمۡ يَعۡلَمُونَ ١٣٥ ﴾ آل
عمران: ١٣٣ - ١٣٥

अर्थ : र, आफ्नो रबको क्षमा र त्यस स्वर्ग तर्फ अगाडि बढ जसको चौडाई आकाश र पृथ्वी जतिको छ, र जुन अल्लाहसँग डर मान्नेहरूको निम्ति बनाइएको छ । जसले सुख र दु:खमा ( अल्लाहको मार्गमा) खर्च गर्दछन् र क्रोधलाई नियन्त्रणमा राख्दछन् र मानिसहरूका त्रुटिहरू क्षमा गरिदिन्छन्, अल्लाह ती सत्कर्म गर्नेहरूलाई

प्रेम गर्दछ । जब तिनीहरूले खुला रूपमा कुनै गल्ती वा गुनाह गर्दछन् त तत्कालै अल्लाह लाई स्मरण गर्दछन् र आफ्ना भूलहरूका लागि क्षमा-याचना गर्दछन् । तथ्य यो छ कि अल्लाह बाहेक कसले क्षमादान गर्न सक्छ ? तिनीहरू जानी जानी आफ्नो गलत कामहरूको लागि अडान लिदैनन् । ( सूरतु आले इम्रान १३३-१३५ )

﴿ وَمَا كَانَ ٱللَّهُ لِيُعَذِّبَهُمۡ وَأَنتَ فِيهِمۡۚ وَمَا كَانَ ٱللَّهُ مُعَذِّبَهُمۡ وَهُمۡ يَسۡتَغۡفِرُونَ ٣٣ ﴾ الأنفال: ٣٣

अर्थ : र अल्लाह यस्तो गर्ने छैन कि तपाई उनीहरूको माझमा उपस्थित हुँदा उनीहरूलाई यातना देओस्, र उनीहरूले क्षमा-याचना गरिराखेको अवस्थामा अल्लाहले उनीहरूलाई यातनामा ग्रस्त गरिने छैन । ( सूरतुद् अन्फाल ३३ )

﴿ ۞ قَالَتۡ رُسُلُهُمۡ أَفِي ٱللَّهِ شَكّٞ فَاطِرِ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِۖ يَدۡعُوكُمۡ لِيَغۡفِرَ لَكُم مِّن ذُنُوبِكُمۡ وَيُؤَخِّرَكُمۡ إِلَىٰٓ أَجَلٖ مُّسَمّٗىۚ قَالُوٓاْ إِنۡ أَنتُمۡ إِلَّا

بَشَرٌ مِّثْلُنَا تُرِيدُونَ أَن تَصُدُّونَا عَمَّا كَانَ يَعْبُدُ ءَابَآؤُنَا فَأْتُونَا بِسُلْطَٰنٍ مُّبِينٍ ﴿١٠﴾ ﴾ إبراهيم: ١٠

अर्थ : उनको रसूलहरूले उनीलाई भनेः कि के अल्लाहको बारेमा तिमीलाई शंका छ, जसले आकाश र पृथ्वी बनाएको छ ?। उसले त तिमीलाई यस कारण बोलाइरहेको छ कि तिम्रा समस्त पापहरूलाई माफ गरिदेओस् र एउटा निश्चित अवधिसम्म तिमीलाई छूट देओस्" । उनीहरूले भनेः कि तिमी त हामी जस्तै मान्छे हौ, तिमी चाहन्छौ, कि हामीलाई ती कुराहरूको पूजाबाट रोकी देऊ जसका पूजा हाम्रा पूर्वजहरूले गर्दै आइरहेका थिए, ठीक छ हाम्रा साम्नु कुनै प्रत्यक्ष प्रमाण पेश गर" । ( सूरतु इब्राहीम १० )

﴿ قُلْ إِنَّمَآ أَنَا۠ بَشَرٌ مِّثْلُكُمْ يُوحَىٰٓ إِلَيَّ أَنَّمَآ إِلَٰهُكُمْ إِلَٰهٌ وَٰحِدٌ فَٱسْتَقِيمُوٓاْ إِلَيْهِ وَٱسْتَغْفِرُوهُ ۗ وَوَيْلٌ لِّلْمُشْرِكِينَ ﴿٦﴾

﴾ فصلت: ٦

अर्थ : भनिदिनुस् "म तिमी जस्तै एउटा मानिस हूँ । मतिर वह्य अवतरण गरिन्छ कि तिम्रो सबैको पूज्य अल्लाह एउटै हो, तसर्थ तिमी सोझै

उसैतिर प्रवृत्त होऊ, र उसैसित पापको क्षमायाचना गर र यी मुश्रिकहरूको लागि ठूलो विनाश छ । ( सूरतु फुस्सिलत ६ )

﴿ وَبِٱلْأَسْحَارِ هُمْ يَسْتَغْفِرُونَ ﴿١٨﴾ ﴾ الذاريات: ١٨

अर्थ : र रातको अन्तिम पहर (भोर)मा क्षमा प्रार्थना गर्ने गर्दथे । ( सूरतुज्जारियात १८ )

﴿ فَسَبِّحْ بِحَمْدِ رَبِّكَ وَٱسْتَغْفِرْهُ ۚ إِنَّهُۥ كَانَ تَوَّابًۢا ﴿٣﴾ ﴾ النصر: ٣

अर्थ : तब आफ्नो पालनकर्ताको प्रशंसाका साथ गुणगान गर र ऊ सित क्षमायाचना गर । निश्चय नै ऊ क्षमायाचना स्वीकार गर्नेवाला छ । ( सूरतुन्नस्र ३ )

**हदीसहरूबाट क्षमायाचनाको प्रमाण :**

* एउटा सहाबीको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो कि : मेरो हृदयमाथि पनि कहिलेकाहिँ आवरण जस्तो अवस्था आइपुग्छ, अनि म एक दिनमा सै पटक अल्लाहसित क्षमायाचना गर्दछु। ( मुस्लिम )

* हजरत अबू हुरैरह् रजिअल्लाहो अन्हो वार्णन गर्नुहुन्छ कि मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई भन्दै सुनेको छु कि म एक दिनमा सत्तरी पटक अल्लाहसित क्षमायाचना गर्छु, र उससित प्रयाश्चित गर्दछु। ( बुखारी )

* हजरत अबू हुरैरह् रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: त्यसको शपथ जसको हातमा मेरो ज्यान छ यदि तिमीहरू कुनै पाप गर्दैनौं भने अल्लाह तिमीहरूलाई नष्ट गरी यस्ता मान्छेहरूलाई ल्याउनेछ जुन पाप पनि गर्ने छन् र क्षमायाचना पनि गर्ने छन् अनि अल्लाह उनीहरूलाई क्षमा प्रदान गरिदिनेछ। (मुस्लिम)

* हजरत इब्ने उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ कि हामी रसूल सल्लल्लाहो अलैहे वसल्लमको मात्र एक बैठकभित्र यो दुआलाई: “

हे अल्लाह मलाई क्षमा देऊ, र मलाई माफ गरिदेऊ, तिमी नै माफी दिनेवाला हौ ” सै पटक गन्ति गर्थें । ( अबू दाऊद, तिर्मिजी )

* हजरत इब्ने अब्बास रजिअल्लाहो अन्होबाट वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: जसले क्षमायाचनालाई दृढतापूर्वक समात्यो त्यसका समस्त समस्याहरूको अल्लाह समाधान गरिदिन्छ, र समस्त प्रकारको व्याकुलतालाई समाप्त गरिदिन्छ, र त्यसलाई यस्तो श्रोतबाट अनुकम्पा प्रदान गर्छ जुन त्यसको कल्पनामा पनि हुँदैन । ( अबू दाऊद )

* हजरत अनस रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई यो भन्दै सुनेछु कि महान अल्लाह भन्छ: हे आदमका सन्तति ! जब सम्म तिमी मसित क्षमायाचना गर्दै रह्नेछौ तब सम्म म तिमीलाई माफी दिने छु, र म कसैको परवाह गर्दैन, हे आदमका सन्तति ! यदि तिम्रा पापहरू आकाश सम्म पुगेको होस् अनि तिमी मसित क्षमायाचना गर त म त्यो सबै पापलाई माफ गरिदिने छु र म कसैको परवाह गर्नेवाला छैन । ( तिर्मिजी )

## क्षमायाचनाको महत्व

मनुष्य जति पनि जतन गरोस् पाप त गरिहाल्छ, यसर्थ क्षभायाचनाको आवश्यकता समस्त मानवजातिलाई उनको जीवनमा पर्दै रहन्छ । अल्लाह अनभिज्ञताको कारण पाप गरेमा क्रोधित हुँदैनन् तर पापमाथि पाप गर्दै जाने र क्षमायाचना नगर्ने व्यक्तिमाथि अति क्रोधित हुन्छन् । जस्तोकि अघि नै यो हदीस वर्णन गरिसके छु कि हामीले पाप नगरेको खण्डमा अल्लाह हामीलाई नष्ट गरेर आर्को सृष्टिलाई हाम्रो उत्तराधिकारी बनाउने छ जुन पाप पनि गर्छन् र क्ष्मायाचना पनि ।

त हे प्रिय भाइहरू ! जब क्षमायातनाको यत्रो ठूलो महत्व छ कि त्यसलाई कार्यन्वयन नगरेको खण्डमा अल्लाह हामीलाई विनष्ट पारिदिने छ त हे मानवगण यसलाई कार्यन्वयन गरेर आफूलाई विनाश हुनुबाट बचाऊ, र यसलाई सधैं अपनाएर आफ्नो पालनकर्तालाई प्रसन्न गर, र आफ्नो लोक परलोकको जीवनलाई कुशल र सफल बनाऊ ।

र क्षमायाचना गरे पश्चात अल्लाहसित स्वर्ग पाउने अभिलाषी रह त्यो स्वर्ग जसमा यस्ता यस्ता अनुकम्पाहरू छन् जसलाई नत कुनै

आँखाले हेरको छ नत कुनै कानले सुनेको छ नत कुनै मान्छे तयसको कल्पना पनि गर्न सक्छ ।

## क्षमायाचनाको वास्तिविकता

क्षमायाचनाको अर्थ हो: माफीको चाहना, अर्थात अल्लाहसित अआफ्ना पापहरूको क्षमा र मुक्ति चाहनु र पापहरूलाई पुण्यमा परिणत गर्ने चाहना गर्नु । र अल्लाहसित यो आशा राख्नु कि अल्लाह हाम्रा समस्त पापहरूलाई नष्ट पारिदेऊन्, र हामीलाई आफ्नो कृपाले स्वर्गमा अग्लो स्थान प्रदान गरोस् । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " जसले पाप पश्चात क्षमायाचना गऱ्यो त्यो पापमा लिप्त भएन (अट्टेरी गरेन) चाहे त्यो दिनमा सत्तरी पटक पाप गरोस् " । ( अबू दाऊद, तिर्मिजी )

यस्तै क्षमायाचनाको अर्थ यो पनि हो कि मान्छे त्यस कार्यबाट तौबा गरिहालोस्, र त्यस पापलाई नगर्ने दृढ अटोट गरोस् । यदि यस्तो गर्दैन भने त्यसको क्षमायाचना सत्य र स्वीकार्य छैन बरु त्यो मात्र देखाउनको लागि क्षमायाचना गरिरहेको छ । किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ कि : " म तिमीहरूमाथि शिर्के असग्रबाट (सानो शिर्कबाट) डर मान्दछु (

भयभीत छु), त सहाबाहरूले सोधेः हे अल्लाहका रसूल सल्लल्लाहो अलैहे वसल्लम यो शिर्के अस्गर के हो ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्ने भयोः देखावा ” । अर्थात देखाउनको लागि कुनै सुकर्म गर्नु । ( मुस्नद अहमद )

त हे भाइहरू ! देखावा गर्नुबाट बाँच्नुस् किनकि यसको कारण तपाईहरूका समस्त सुकर्महरू खेर जानेछन्, र तपाईको क्षमायाचना पनि अस्वीकार्य हुनेछ, यसर्थ सत्यनिष्ठ भई अल्लाहसित क्षमायाचना गर्नुस् तपाईको प्रत्येक मनोकामना पूर्ण हुनेछ ।

## क्षमायाचना स्वीकार्य हुने केही प्रमुख समयहरूको वर्णन

१- पाप गरे पश्चात ।

२- पुण्यको कार्य गरे पश्चात ।

३- नमाज पढे पश्चात ।

४- वजू गरे पश्चात ।

५- हज्ज पूर्ण गरे पश्चात ।

६- कुनै वैधानिक मज्लिस ( बैठक ) समाप्त गरे पश्चात ।

७- दिसा गरे पश्चात ।

८- नमाज भित्र ।

९- प्रातःकाल र बेलुकीको समय ।

१०- फज्र भन्दा पहिला ।

११- चन्द्र र सूर्य ग्रहणको समय ।

१२- तहज्जुदको नमाजमा ।

१३- रात्रीको तेस्रो भागमा ... आदि ।

## क्षमायाचना गर्नु सन्देष्टाहरूको तरिका हो

नबी सन्देष्टा र सदाचारीहरू अल्लाहसित क्षण क्षण क्षमायाचना गर्दै आएका हुन्, जस्तोकि कुरआनमा यसको विस्तारले वर्णन छ जस मध्ये केहीलाई तपाईहरू पनि हेर्नुस् !

* आदम र हौवा अलैहिमस्सलामले यसरी क्षमायाचना गर्नु भयो :

﴿ قَالَا رَبَّنَا ظَلَمْنَآ أَنفُسَنَا وَإِن لَّمْ تَغْفِرْ لَنَا وَتَرْحَمْنَا لَنَكُونَنَّ مِنَ ٱلْخَٰسِرِينَ ﴿٢٣﴾ ﴾ الأعراف: ٢٣

अर्थ : दुवैले भन्न थाले कि, “हे हाम्रो रब हामीले आफ्नो लागी ठूलो नोक्सान गर्‍यौं, अब यदि तिमीले हामीलाई क्षमा गर्दैनौ र दया गर्दैनौ भने निश्चिय नै हामी घाटा पाउने मध्येका भैहाल्छौं ।

( सूरतुल् अअ्राफ २३ )

* हजरत नूह अलैहिस्सलामले यसरी क्षमायाचना गर्नु भयो :

﴿ قَالَ رَبِّ إِنِّىٓ أَعُوذُ بِكَ أَنْ أَسْـَٔلَكَ مَا لَيْسَ لِى بِهِۦ عِلْمٌ ۖ وَإِلَّا تَغْفِرْ لِى وَتَرْحَمْنِىٓ أَكُن مِّنَ ٱلْخَٰسِرِينَ ﴿٤٧﴾ ﴾

هود: ٤٧

अर्थ : नूहले भने: मेरो पालनकर्ता ! म तिमीसँग शरण माग्दछु ती कुराहरूको सम्बन्धमा प्रश्न

गर्ने बारेमा जसको कि मलाई ज्ञान छैन । यदि तिमीले मलाई क्षमा गर्दैनौ र ममाथि दया गर्दैनौ भने, म ठूलो हानिमा पर्नेछु ।" ( सूरतु हूद )

﴿ رَّبِّ ٱغۡفِرۡ لِي وَلِوَٰلِدَيَّ وَلِمَن دَخَلَ بَيۡتِيَ مُؤۡمِنٗا وَلِلۡمُؤۡمِنِينَ وَٱلۡمُؤۡمِنَٰتِۖ وَلَا تَزِدِ ٱلظَّٰلِمِينَ إِلَّا تَبَارَۢا ٢٨ ﴾

نوح: ٢٨

अर्थ : हे मेरो पालनकर्ता: मलाई र मेरो आमा बाबुलाई र जो पनि ईमानवाला भएर मेरो घरमा आए र तमाम ईमानवाला पुरुषहरू र ईमान भएकी स्त्रीहरूलाई क्षमा गरिदेऊ र अत्याचारीहरूको निम्ति अझै विनाशमा वृद्धि गर । ( सूरतु नूह २८ )

* मूसा अलैहिस्सलामले यसरी क्षमायाचना गर्नु भयो :

﴿ قَالَ رَبِّ ٱغۡفِرۡ لِي وَلِأَخِي وَأَدۡخِلۡنَا فِي رَحۡمَتِكَۖ وَأَنتَ أَرۡحَمُ ٱلرَّٰحِمِينَ ١٥١ ﴾ الأعراف: ١٥١

अर्थ : मूसा(अलैस्सिलाम)ले भने: कि हे मेरो पालनकर्ता ! मलाई र मेरो भाइलाई क्षमा गरिदेऊ र हामी दुवैलाई आफ्नो दयामा सम्मिलित गर र तिमी सबै दया

गर्नेवालाहरूमध्ये सबैभन्दा बढी दयावान् छौ । ( सूरतुल् अअ्राफ १५१ )

﴿ قَالَ رَبِّ إِنِّي ظَلَمْتُ نَفْسِي فَٱغْفِرْ لِي فَغَفَرَ لَهُۥٓۚ إِنَّهُۥ هُوَ ٱلْغَفُورُ ٱلرَّحِيمُ ١٦ ﴾ القصص: ١٦

अर्थ : उनले प्रार्थना गरे कि हे पालनकर्ता ! मैले स्वयं आफूमाथि अत्याचार गरें, अतः तिमीले मलाई क्षमा गरिदेऊ । तसर्थ अल्लाहले क्षमा गरिदियो । निश्चय नै अल्लाह बडो क्षमाशील, अत्यन्त दयावान छ । ( सूरतुल् कसस १६ )

* र हजरत इब्राहीम अलैहिस्सलामले यसरी क्षमायाचना गर्नु भयो :

﴿ ٱلَّذِي خَلَقَنِي فَهُوَ يَهْدِينِ ٧٨ وَٱلَّذِي هُوَ يُطْعِمُنِي وَيَسْقِينِ ٧٩ وَإِذَا مَرِضْتُ فَهُوَ يَشْفِينِ ٨٠ وَٱلَّذِي يُمِيتُنِي ثُمَّ يُحْيِينِ ٨١ وَٱلَّذِيٓ أَطْمَعُ أَن يَغْفِرَ لِي خَطِيٓـَٔتِي يَوْمَ ٱلدِّينِ ٨٢ ﴾ الشعراء: ٧٨ - ٨٢

अर्थ : जसले मलाई सृष्टि गऱ्यो र उसैले मलाई मार्गदर्शन गर्दछ । उही नै हो जसले मलाई खुवाउँछ र पिलाउँछ । र जब म विरामी पर्दछु त उसैले मलाई निको पार्छ । र उसैले मलाई

मार्नेछ (र) पुनः जीवित गर्ने छ, र (उही नै हो) जोसित म आशा राख्दछु, कि कियामतको दिन मेरा पापहरू क्षमा गर्नेछ । ( सूरतुश्शुअ्रा ( ७८-८२ )

* र हजरत यूनुस अलैहिस्सलामले यसरी क्षमायाचना गर्नु भयो :

﴿ وَذَا ٱلنُّونِ إِذ ذَّهَبَ مُغَٰضِبًا فَظَنَّ أَن لَّن نَّقۡدِرَ عَلَيۡهِ فَنَادَىٰ فِي ٱلظُّلُمَٰتِ أَن لَّآ إِلَٰهَ إِلَّآ أَنتَ سُبۡحَٰنَكَ إِنِّي كُنتُ مِنَ ٱلظَّٰلِمِينَ ﴾ الأنبياء: ٨٧

अर्थ : र "ज्न्नून" (यूनूस) लाई सम्झ ! जब उनी क्रोधको अवस्थामा हिँडिहाले र ठानेकि हामीले उनलाई समात्न सक्ने छैनौं अन्ततः उनले अँध्यारोबाट पुकारिहाले कि हे अल्लाह ! तिमी बाहेक अरु कोही सत्य पूज्य छैन । तिमी पवित्र छौ निःसन्देह म अपराधी भएँ । ( सूरतुल् अम्बिया ८७ )

* र हजरत सुलैमान अलैहिस्सलामले यसरी क्षमायाचना गर्नु भयो :

﴿ قَالَ رَبِّ ٱغۡفِرۡ لِي وَهَبۡ لِي مُلۡكٗا لَّا يَنۢبَغِي لِأَحَدٖ مِّنۢ بَعۡدِيٓۖ إِنَّكَ أَنتَ ٱلۡوَهَّابُ ﴾ ص: ٣٥

अर्थ : उनले भने: “हे मेरो पालनकर्ता ! मलाई क्षमा गरिदेऊ, र मलाई त्यो राज्य प्रदान गर, जुन म बाहेक कसैको लागि उपयुक्त नहोस् । निश्चय नै तिमी ठूलो दाता हौ ।” ( सूरतु साद ३५ )

* र हजरत दाऊद अलैहिस्सलामले यसरी क्षमायाचना गर्नु भयो :

﴿ قَالَ لَقَدْ ظَلَمَكَ بِسُؤَالِ نَعْجَتِكَ إِلَىٰ نِعَاجِهِۦ ۖ وَإِنَّ كَثِيرًا مِّنَ
ٱلْخُلَطَآءِ لَيَبْغِي بَعْضُهُمْ عَلَىٰ بَعْضٍ إِلَّا ٱلَّذِينَ ءَامَنُوا۟ وَعَمِلُوا۟
ٱلصَّٰلِحَٰتِ وَقَلِيلٌ مَّا هُمْ ۗ وَظَنَّ دَاوُۥدُ أَنَّمَا فَتَنَّٰهُ فَٱسْتَغْفَرَ رَبَّهُۥ
وَخَرَّ رَاكِعًا وَأَنَابَ ۩ ﴿٢٤﴾ ﴾ ص: ٢٤

अर्थ : उनले भने: के “यसले तिम्रो दुम्बीलाई आफ्नो दुम्बीहरूमा मिसाइने कुरा गरेर, नि:सन्देह तिमीमाथि अन्याय गर्दछ । अधिकतर साझेदारहरू एक अर्कामाथि ज्यादति नै गर्ने गर्दछन् । हो, जसले ईमान ल्याए र असल कर्म गरे, तिनीहरू बाहेक, र यस्ता निकै कम छन् ।” र “दाऊद (अलैहिस्सलाम)ले” ठाने कि (यस घटनाबाट) हामीले उनको परीक्षा गरेका हौं तब उनले आफ्नो पालनकर्तासित क्षमा याचना गरे र

पश्चाताप गर्दै सजदा गरे  र अल्लाहतिर प्रवृत्त भए । ( सूरतु साद २४ )

* र रसूल सल्लल्लाहो अलैहे वसल्लम एक दिनमा १०० वा ७० पटक क्षमायाचना गर्थे । ( बुखारी )

* र हजरत अबू बक्र रजिअल्लाहो अन्हो यस उम्मतका सर्वश्रेष्ठ मान्छे हुन् उनी रसूल सल्लल्लाहो अलैहे वसल्लमसित क्षमायाचनाको तालिम लिनु हुन्थ्यो र त्यसै बमोजिम क्षमायाचना गर्नु हुन्थ्यो । ( बुखारी )

* र हजरत अबू हुरैरह रजिअल्लाहो अन्हो भन्नुहुन्छ कि म अल्लाहसित दिनमा एक हजार पटक क्षमायाचना र तौबा गर्छु । ( बुखारी, मुस्लिम )

## क्षमायाचनाका लाभहरू

१- यो पापलाई नष्ट पार्छ, र मान्छेको श्रेणी उच्च गर्छ ।

२- अल्लाहको प्रकोपबाट मुक्ति दिन्छ, र समस्त कष्टलाई मान्छेबाट हटाउँछ ।

३- माल र सन्तानमा वृद्धि गर्छ । अल्लाहको फर्मान छ :

﴿ فَقُلْتُ ٱسْتَغْفِرُوا۟ رَبَّكُمْ إِنَّهُۥ كَانَ غَفَّارًا ﴿١٠﴾ يُرْسِلِ
ٱلسَّمَآءَ عَلَيْكُم مِّدْرَارًا ﴿١١﴾ وَيُمْدِدْكُم بِأَمْوَٰلٍ وَبَنِينَ وَيَجْعَل لَّكُمْ
جَنَّٰتٍ وَيَجْعَل لَّكُمْ أَنْهَٰرًا ﴿١٢﴾ ﴾ نوح: ١٠ - ١٢

अर्थ : र मैले भने किः आफ्नो पालनकर्तासित आफ्ना पापबाट मुक्ति गराउ र क्षमा माग । निश्चय नै ऊ ठूलो क्षमादाता हो । उसले तिमीमाथि निकै वर्षाउने वाला बादल पठाउने छ । र उसले सम्पत्ति र सन्तानमा तिमीलाई बढोत्तरी प्रदान गर्ने छ, र तिम्रो निम्ति बगैंचाहरू पैदा गर्ने छ र तिम्रो निम्ति नहरहरू प्रवाहित गर्नेछ । ( सूरतु नूह १०-१२ )

* शरीरलाई शक्तिशाली बनाउँछ । अल्लाहको फर्मान छ :

﴿ وَيَٰقَوۡمِ ٱسۡتَغۡفِرُواْ رَبَّكُمۡ ثُمَّ تُوبُوٓاْ إِلَيۡهِ يُرۡسِلِ ٱلسَّمَآءَ
عَلَيۡكُم مِّدۡرَارٗا وَيَزِدۡكُمۡ قُوَّةً إِلَىٰ قُوَّتِكُمۡ وَلَا تَتَوَلَّوۡاْ
مُجۡرِمِينَ ٥٢ ﴾ هود: ٥٢

अर्थ : हे मेरो समुदायका मानिसहरू ! तिमी आफ्नो पालनकर्तासित आफ्नो पापको लागि क्षमा याचना गर, अनि उसको अगाडि प्रायश्चित गर । जसबाट उसले तिमीमाथि आकाशबाट मुसलधारे पानी वर्षाउँने बादल पठाई र तिम्रो शक्तिमा अझै शक्तिको बृद्धि गर्नेछ । र तिमी पाप गर्दै विमुख नहोऊ । ( सूरतु हूद ५२ )

* हृदयलाई स्वच्छ र पवित्र पार्छ, र समस्त समस्याहरूको समाधान गर्छ, र अल्लाहको कृपा र दयालाई अनिवार्य गर्छ .... आदि ।

## क्षमायाचना जिब्रो र हृदय दुवैबाट गर्नुपर्छ

शैखुल् इस्लाम इब्ने तैमियाको भनाई छ कि : क्षमायाचना जिब्रो र हृदय दुवैबाट हुनुपर्छ, र क्षमायाचना र तौबा गर्ने मान्छे त्यो मान्छे सरह भइहाल्छ जसले पाप नै गरेको छैन ।

## कुन पापहरूको लागि क्षमायाचना गर्ने

चाहे ठूलो पाप होस् वा सानो वा जुन पाप गर्ने इच्छा हृदयमा छ ती सबै पापहरूको क्षमायाचना गर्नु जरुरी छ। जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَٱلَّذِينَ إِذَا فَعَلُواْ فَٰحِشَةً أَوۡ ظَلَمُوٓاْ أَنفُسَهُمۡ ذَكَرُواْ ٱللَّهَ فَٱسۡتَغۡفَرُواْ لِذُنُوبِهِمۡ وَمَن يَغۡفِرُ ٱلذُّنُوبَ إِلَّا ٱللَّهُ وَلَمۡ يُصِرُّواْ عَلَىٰ مَا فَعَلُواْ وَهُمۡ يَعۡلَمُونَ ١٣٥ ﴾ آل عمران: ١٣٥

अर्थ : जब तिनीहरूले खुला रूपमा कुनै गल्ती वा गुनाह गर्दछन् त तत्कालै अल्लाहलाई स्मरण गर्दछन् र आफ्ना भूलहरूका लागि क्षमा-याचना गर्दछन्। तथ्य यो छ कि अल्लाह बाहेक कसले क्षमादान गर्न सक्छ ? तिनीहरू जानी जानी आफ्नो गलत कामहरूको लागि अडान लिदैनन्। ( सूरतु आले इम्रान १३५ )

त जुनसुकै पाप पनि होस् त्यसको क्षमायाचना गर्नु र त्यसबाट तौबा गर्नु अति आवश्यक छ, र जति पटक पाप भए पनि क्षमायाचना अवश्य गर्नुपर्छ। किनकि क्षमायाचनाबाट अल्लाह प्रसन्न हुन्छन्, र आर्को कुरो के छ भने पुण्यहरू पपहरूलाई नष्ट गरिदिन्छन्, त क्षमायाचना पुण्यको सर्वोत्तम कार्य मध्ये एक हो, यसले गर्दा

यो पनि पापलाई नष्ट गरी पुण्यमा परिणत गरिदिन्छ उस्तै जस्तोकि आगो दाउरालाई भस्म गरिदिन्छ ।

त हे प्रिय पाठकहरू ! क्षमायाचनाको आवश्यकता त समस्त सृष्टिलाई सधैं नै रहन्छ, र क्षमायाचना गरे पश्चात पापी सदाचारी भइहाल्छ । त हे भाइ ! त्यो समय अगावैं नै क्षमायाचना गरिहाल जुन समय पश्चात क्षमायाचना कुनै लाभ पुऱ्याउने छैन र अस्वीकार्य भइहाल्छ, र त्यो समय हो ज्यान निस्कने समय ।

त हे भाइ ! अझैं समय बाँकी छ अज्ञानतामा गरेका पापहरूको अल्लाहसित क्षमायाचना गरिहाल, र अल्लाहको कृपाको पात्र बनी स्वर्गमा स्थान पाउनेहरू मध्येको बनिहाल ।

हे अल्लाह ! हामी सबैलाई क्षमायाचनाको सुअवसर प्रदान गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरिदेऊ र आफ्नो कृपा र दयाले आफ्ना सदाचारी भक्तहरूको श्रेणीमा स्थान प्रदान गर जुन तिम्रो प्रिय सन्देष्टा मुहम्मदको साथ स्वर्गमा हुनेछन् ।

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभन्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# *समाप्त*


*लेखक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगर पालिका वॉड नं.९**

**महुवा तौलिहवा कपिलवस्तु**

नेपाल
Mob. No.00977-9847030780-
9814499140
00966-0501372254
Email-
atiqkhannp1982@yahoo.com